# भीरकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

वयरघारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

प्रथम पटक प्रकाशन मिति
२०७९।१२।२४

## भू – उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी सूचना ।

नेपाल सरकारबाट जारी भू –उपयोग ऐन २०७६ तथा नियमावली २०७९ बमोजिम यस नगरपालिका क्षेत्रभित्रको भूउपयोग बर्गिकरण गर्ने प्रयोजनका लागि नगरपालिकाको तर्फ बाट भू उपयोग नीति र भू उपयोग आधार तथा मापदण्ड तयार पारिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।ऐन तथा नियमावलीमा भएको प्रावधान बमोजिम नगरपालिका भित्र भू उपयोग क्षेत्र बर्गिकरण गर्ने क्रममा तपसिल बमोजिमका आधार तथा मापदण्डमा वर्गीकृत गरिएको र उक्त प्रस्तावलाई अन्तिम रुप दिनका लागि नगरपालिकामा क्रियाशिल राजनीतिक दल, संघ संस्था, नागरिक समाज, संचार माध्यम, आम नागरिकबाट भू उपयोग आधार मापदण्ड उपर आफ्नो राय,सल्लाह एवं सुझाव यो सूचना प्रकाशन भएको मितिले ७ दिन (२०७९।१२।३०) सम्ममा उपलब्ध गराईदिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । राय तथा सल्लाह एवं सुझाब लिखित रुपमा वडा कार्यालय मार्फत वा कार्यालयको इमेल **ito.bheerkotmun@gmail.com** मार्फत दिन सकिने छ ।

राम प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वेबसाईटः- www.bheerkotmun.gov.np, इमेलः- info@bheerkotmun.gov.np
फोनः- ०६३४००१०६, ०६३४००१७७, फ्याक्सः- ०६३४००१७७
सामाजिक संजालः- bheerkotmun, Bheerkot Municipality